## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धरान, सुनसरी
## सामी परियोजनाको लागि करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०५।११ मा प्रकाशित

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट जारी सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन मार्गदर्शन २०७९ बमोजिम यस उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०७९/४/२५ गतेको निर्णय अनुसार सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नगरपालिका आफैले संचालन गर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्नको लागि निम्नानुसारको जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक १८ वर्ष पूरा भै ४० वर्ष ननाघेका नेपाली नागरिकहरुबाट देहायका पदका लागि दरखास्त आह्वान गरिएको छ।

| क्र. सं. | विज्ञापन नं | पद | निवेदन दस्तुर | पद संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १ | १/२०७९/८० | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | ५०० | १ | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको। साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको वा कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ। |
| २ | २/२०७९/८० | मनोसामाजिक परामर्शकर्ता | ५०० | १ (महिलालाई प्राथमिकता) | कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको । वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा कम्तिमा २ वर्षको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |
| ३ | ३/२०७९/८० | वित्तीय साक्षरता सहजकर्ता | ५०० | १ | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ४ | ४/२०७९/८० | रिटर्नी स्वयंसेवक (आंशिक) | ५०० | ३ | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा २ वर्ष काम गरेको अनुभव भएको।सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

**कार्य अवधि**: हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम** : सुचिकरण अन्तवार्ता र प्रयोगात्मक

**तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु** : दरखास्त साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,अनुभवको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि नगरपालिकाबाट उपलब्ध फारम भरि पेश गर्नु पर्नेछ । फारम यस उपमहानगरपालिकाको वेभसाईड www.dharan.gov.np बाट डाउनलोड गरेर पनि भर्न सकिनेछ। तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौट यस उ.म.न.पा. को स्वीकृत करारमा कर्मचारी छनौट सम्बन्धि कार्यविधि अनुसार हुनेछ। प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र अन्तरवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ ।

**दरखास्त दिने अन्तिम मिति** : सुचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०७९।०५।२५ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम दिन सार्वजानिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

धरान उपमहानगरपालिका, सुनसरी